नयाँ विश्वासीहरुलाई प्रेम गर्नु

पाष्टरीय तालीम पुस्तिका

१९

तालीम र वृद्धि

T&M ®

मण्डली साह्रै बडेर गइरहेको छ। पुराना सदस्यहरुले चाहिँ पर मेश्वरको असीमित महिमा भुलुन् भन्ने प्रयासमा म लागेको छु।

यति लामो समयसम्म पियक्कड भएर जिएको कारण मण्डलीका सदस्यहरुले मलाई ग्रहण गर्लान् भन्ने कुरामा म विश्वास गर्दिनँ। जे भए पछि, शायद परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ होला।

निश्चय फ्रान्सिस, परमेश्वरले तिमीलाई प्रेम गर्नुहुन्छ, अनि हामी पनि तिमीलाई प्रेम गर्छौं। हामी तिमीलाई जीवनको साँचो अर्थ भेट्टाउन सहयोग गर्नेछौं। तिमीले आफ्ना पापको पश्चाताप अनि खीष्टमा विश्वास पनि गरेका छौ, तर तिमीले बप्तिस्मा चाहिँ लिएका छैनौ। म तिमीलाई आइतबारको दिन बप्तिस्मा दिनेछु। तिमी यस मण्डलीको एक सक्रिय सदस्य भएको हामी चाहन्छौं।

शश.... हेर त्यो नयाँ मान्छे कस्तो गनाएको! त्यसको मैला कपडाहरु पनि हेरन! कस्तो घिनलाग्दो!

(प्रेरित २:३७-४२, ८:३५-३९, १६:१४-१५, १६:३०-३४)

तर मानिसहरुले के सोंच्लान् ? हाम्रो मण्डलीले ता त्यस्ता मानिसहरुलाई त्यति सजिलै ग्रहण गर्दैन ।



हेर्नोस्, एलि । मर्कूस् २:१६,१७ मा येशूले के गर्नुभयो भनी हामीलाई सिकाउँछ: *"उहाँ पापीहरु र कर उठाउनेहरुसंग खाइर हनुभएको देखेर फरिसी दलका शास्त्रीहरुले उहाँका चेलाहरुलाई भने, 'तिनी किन कर उठाउनेहरु र पापीहरुसंग बसेर खान्छन् ?' यो सुनेर येशूले तिनीहरुलाई भन्नुभयो, 'निरोगीहरुलाई वैद्यको खाँचो पर्दैन, तर रोगीहरुलाई मात्र पर्छ । म धर्मीहरुलाई होइन, तर पापीहरुलाई बोलाउन आएको हुँ' ।"*

तर मण्डलीहरुमा धेरै सामाहरु उम्रनेछन् नी ता ?



सामालाई अलग्याउने काम चाहिँ परमेश्वरलाई छोडिदिनुपर्छ भनी सामाको दृष्टान्तले सिकाउँदछ, हामीले यसो गर्न सक्तैनौं । (मत्ती १३:२४-३०, ३६-४३)

मानिसहरु मण्डलीको सदस्य हुन अघि उनीहरु सिद्ध होऊन् भन्ने आशा नराखौं । उनीहरु ता विश्वासमा नानीहरु मात्र हुन् । उनीहरु ता असल पाष्टरीय वास्ताद्वारा हुर्कनु परेको छ ।

विगत २० वर्षदेखि म यो मण्डलीको सदस्य हुँ । के तपाईले यसो भन्न खोजिर हनु भएको छ कि यस मण्डलीमा हिजअस्तिसम्म पियक्कड रहेको यो नयाँ फ्रान्सिसको अधिकार पनि मेरो जत्तिकै छ ?

ठीक भन्नुभो, एली । म ता दाखबारीका खेतालाहरुको दृष्टान्त पो भन्न गइरहेको थिएँ । यसमा प्रभुले हामीलाई खीष्टमा हाम्रा भाइहरुलाई कसरी व्यवहार गर्नु पर्ने हो सो सिकाइएको छ । एकजना मालिकले एका बिहानै खेतालाहरुलाई लिएर आफ्नो दाखबारीमा गयो....

(मत्ती २०:१-२)

दएक दिनार चाहिँ रोमी समयमा खेतालाहरुलाई दिइने एक दिनको ज्याला थियो ।

केही समय पछि, लगभग ९ बजेतिर, उसले अरु खेतालाहरुलाई बजारमा बेकाम उभिरहेको देख्यो....

उनी दिउँसो पनि बाहिर गए, अपरान्ह तीन बजे पनि त्यसै गरे, अनि पाँच बजेसम्म त्यसै गरिरहे...।

(मत्ती २०:३-७)

जब साँझ पऱ्यो, उसले अन्तमा काम शुरु गर्ने व्यक्तिलाई पनि एक दिनार नै दियो...

(मत्ती २०:८-१०)

तर उसले त शुरुदेखि काममा लगाएकोलाई पनि त्यति नै पो ज्याला दियो....

(मत्ती २०:१०-१५)

जसहरुले दिनभरि काम गरे तिनीहरु मण्डलीका पुराना सदस्यहरु जस्तै हुन् । उनीहरुले प्रभुको निम्ति धेरै बलिदानहरु गरेका होलान् । तर उनीहरुले यो कुरा बिर्से कि उनीहरु ता अनुग्रहले मात्र बाँचेका हुन् । त्यसको निम्ति उनीहरुलाई कत्ति पनि मूल्य परेन ।

दिनको अन्ततिर काम गर्नेहरु चाहिँ नयाँ विश्वासीहरु जस्ता हुन् । भूमिको मालिकले झैं खीष्टले पनि तिनीहरुलाई उनीहरुले पाउनुपर्ने भन्दा बढी दिन चाहनुहुन्छ । उनीहरु पनि अनुग्रहले मात्र बचाइएका हुन् । तर नयाँ सदस्यहरुलाई पर मेश्वरले अनुग्रह गर्नुहुँदा, कहिले काहीँ, मण्डलीका पुराना सदस्यहरु ईर्ष्यालु बन्दछन् ।

परमेश्वरको राज्यमा, पहिलेदेखि नै सदस्यहरु भएकाहरुकै जस्तो नयाँ विश्वासीहरुको पनि त्यही अधिकार हुन्छ, किनभने हामीहरु सबै परमेश्वरको अनुग्रह र कृपाबाट मात्र बचाइएका छौं ।



तर हामीले त बाइबल धेरै पढेका छौं अनि खीष्टको निम्ति धेरै कष्ट उठाएका छौं । हामीले यति राम्रो मण्डली घर बनाएका छौं । तर यिनीहरुले केही नगरीकनै तपाईले यी नयाँहरुलाई यसरी ग्रहण गर्न चाहनुहुन्छ ! अनि यिनीहरुको पनि अरुकै जस्तो अधिकार मण्डलीमा हुन्छ भनेर भन्नुहुन्छ ।



कुरा ठीकै हो । नयाँहरु हामीसित सदस्य हुन आएकोमा हामी पुरानाहरु खुशी हुनुपर्छ । येशू खीष्ट भन्नुहुन्छ: *"यसरी नै पछिल्ला पहिला हुनेछन् र पहिला पछिल्ला हुनेछन् ।"* (मत्ती २०:१६)

केही समयपछि.....

(याकूब ४:७)

सारांश जाँच

१. पश्चाताप गर्ने विश्वासीहरुलाई प्रेरितहरुले सधैं सदस्यहरुको रुपमा ग्रहण गरे ।

यदि हामीले नयाँ व्यक्तिहरुको मुक्तिमा शङ्का गर्दछौं भने, हामीले:

☐ प्रोत्साहित गर्दैछौं ।

☐ निरास पार्दैछौं ।

२. हामी यो भरोसा गरौं कि परमेश्वरले जुन काम उनीहरुको हृदयमा शुरु गर्नुभएको छ, उहाँले सो पूरा गर्नुहुनेछ । यदि हामीले शङ्का गर्दछौं भने, हामीले नयाँ विश्वासीहरुलाई निरुत्साहित पार्दैछौं ।

कुन रुपमा हामीले नयाँ सदस्यहरुलाई ग्रहण गर्नुपर्दछ ?

_____

_____

३. फ्रान्सिसले उसको परिवारलाई प्रभुमा जित्ने प्रयास गऱ्यो । सारा परिवारले प्रभुलाई पाएका सदस्यहरु भएको मण्डली बलियो हुन्छ । के तपाईले पनि नयाँ सदस्यहरुलाई उनीहरुका आफन्तहरुलाई प्रभुमा जित्न मदत गर्नुहुनेछ ?

_____



अभ्यासको काम

- फिलिप्पी १:६ कन्ठस्थ पार्नोस् ।

- मण्डलीका कुनै सदस्यलाई सेवामा आउने नयाँ सदस्यहरु अनि भिजिटरहरुलाई स्वागत गर्ने काममा खटाउनुहोस् । उसले ती नयाँ सदस्यहरुलाई अरु विश्वासीहरुसंग चिनाइदिनु पर्छ ।



- नयाँ विश्वासीहरुलाई भेटघाट गर्नोस् ।

- यदि तपाईको मण्डली ठूलो छ भने, अनि तपाईसंग उनीहरुलाई भेट्ने समय छैन भने, मण्डलीका अलि मान्य दाजु वा दिदीलाई हरेक नयाँ विश्वासी भेट्नको निम्ति खटाइदिनुहोस् । उनीहरु नै नयाँ विश्वासीहरुको वृद्धिको निम्ति जिम्मेवार हुनेछन् । उनीहरुले बप्तिस्माको निम्ति तारतम्य मिलाउनेछन्, अनि प्रार्थना गर्न र प्रभु येशू खीष्टको अरु आज्ञाहरु पालन गर्न सिकाउनेछन् ।

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

019NP01A-01